कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.

# कर्मचारी सामुहिक स्वास्थ्य बीमा प्रस्ताव आव्हान सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०७/२१ गते)

यस बैंकमा कार्यरत करिब २६२४ कर्मचारीको १ बर्ष अवधिको वीमांक रु १००,००० /-(अक्षरेपि एक लाख मात्र ) को (अस्पताल भर्ना भई उपचार गरेकोमा रु ७०,०००/- र अस्पताल भर्ना नभई उपचार गरेकोमा रु ३०,०००/-मात्र) सामुहिक स्वास्थ्य बीमा गर्नु पर्ने भएकोले ईजाजतप्राप्त ईच्छुक बीमा कम्पनीहरुबाट के कस्ता दर रेटमा के कस्ता सेवा तथा सुविधाहरु उपलब्ध गराउन सकिने हो सो सम्बन्धी उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस बैकको जनशक्ति व्यवस्थापन बिभागमा निम्न अनुसारको शर्तमा रही शिलबन्दी दरभाउपत्रको प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(प्रथम पटक प्रकाशित मिति २०८१/०७/२१ गते )

शर्तहरु :-

१. शिलबन्दी दरभाउपत्र सहितको प्रस्ताव (कोटेशन) पेश गर्दा वीमांक रु.१,००,०००/-(अक्षरेपि एक लाख मात्र) को (अस्पताल भर्ना भई उपचार गरेकोमा रु ७०,०००/- र अस्पताल भर्ना नभई उपचार गरेकोमा रु ३०,०००/-मात्र) अस्पताल भर्ना भई रात बस्नु पर्ने र अस्पताल भर्ना नभए पनि बीमा दावी हुने २ वटा छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्ने छ।

२. शिलबन्दी दरभाउपत्र सहितको प्रस्ताव (कोटेशन) पेश गर्दा वीमांक रकम Flat (एकमुष्ट हुने गरी) मा पेश गर्नु पर्ने छ।

३. शिलबन्दी दरभाउपत्र सहितको प्रस्ताव (कोटेशन) पत्र साथ यस बैंकको कर्पोरेट बैंकिङ्ग कार्यालय रामशाहपथ स्थित चल्ती खाता नं. ०१००२००११४५५५०२५ मा रु. १०००/-(पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ।

४. बीमा कम्पनीले बीमा अन्तर्गत दिन सकिने अधिकतम सुबिधाहरुको बिस्तृत बिबरण पेश गर्नु पर्ने छ।

५. प्रस्ताव दाताबाट प्राप्त शिलबन्दी प्रस्तावहरु प्रस्ताव पेश गर्ने अन्तिम दिनको भोलीपल्ट कार्यालय खुलेको दिनमा यस बिभागमा खोलिने छ।

६. प्राप्त भएको शिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वानगर्ने सम्पुर्ण अधिकार यस बैंकमा निहित रहने छ।

कृषि विकास बैंक लि.,
जनशक्ति व्यवस्थापन बिभाग,
मुख्य कार्यालय, काठमाण्डौं।
फोन नं. ०१-५७२११२९